नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

☎ ५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो.ब.नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np
खुमलटार, ललितपुर

प्रेस बिज्ञप्ती

पत्र संख्या:
चलानी नं.:

# हरित जलवायु कोष र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच सम्झौता

ललितपुर, २३ पुस । नेपालमा जलवायु परिवर्तन संम्बन्धि परियोजनाहरुमा लगानी गर्नको लागि हरित जलवायु कोष र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच सम्झौता भएको छ । गत मंगलबार भएको सम्झौता 'एक्रिडिएसन मास्टर एग्रिमेन्ट' पछि नेपालले जलवायु परिवर्तनसंग संम्बन्धित परियोजनाहरुको लागि लगानी जुटाउन कोषको आर्थिक स्रोत परिचालन गर्न सक्ने छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत रहेको केन्द्रलाई यस सम्झौता पत्रमा हस्ताक्षर गर्न पुस २१ गतेको मन्त्रीपरिषद् बैठकले स्वीकृती दिएको थियो । केन्द्र यस कोषमा सोझै पहुँच पाउनका लागि आवद्धता प्राप्त गर्ने नेपालको पहिलो निकाय हो ।

सम्झौता पछी केन्द्रले ५० मिलियन अमेरिकन डलर सम्मका परियोजना कार्यान्वयन गर्न सहयोग पाउने बाटो खुला भएको हो । यसको लागि केन्द्र आफैं वा केन्द्रले अन्य निकाय मार्फत् जलवायु परिवर्तन सम्वन्धी नेपाल सरकारको प्राथमिकतामा परेका क्षेत्रहरुमा कोषको आर्थिक सहयोग परिचालन गरी कार्यक्रम वा परियोजनाहरु कार्यान्वयन गराउन सक्नेछ । केन्द्रले आगामी दिनमा कोष सँग समन्वय गरी जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरण गर्ने नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धि परियोजनाहरुको प्रस्ताव बनाई कोषमा पेश गर्ने तयारी गरेको छ । हाल ११ वटा यस्ता परियोजनाहरु समेटी कार्ययोजना तयार गरी अर्थ मन्त्रालय तथा कोषमा पेश गरीएको छ । साथै केन्द्रले २ वटा संभाव्य परियोजनाको अवधारणा तयार गरेकोमा खाना पकाउने स्वच्छ ऊर्जा सम्बन्धी परियोजनाको प्रस्ताव अर्थ मन्त्रालयबाट सिफारिस भै कोषमा पेश भैसकेको छ । केन्द्रले उक्त दुईवटा परियोजनाहरुको विस्तृत प्रस्ताव यस आर्थिक वर्षको अन्त्य सम्ममा कोषमा पेश गर्ने तयारी गरेको छ । नेपालबाट कोषमा सोझै पहुँच पाउने निकायका रुपमा केन्द्रले कोषमा लगानी प्रस्ताव लैजान चाहने सम्वन्धित क्षेत्रका अन्य निकायहरुको लागि क्षमता अभिवृद्धिमा समेत सहयोग गर्ने छ ।

कोषसंग सम्झौता पत्रमा हस्ताक्षर गरेपछि प्रतिक्रिया दिनुहुदै केन्द्रका कार्यकारी निर्देशक श्री मधुसुधन अधिकारीले हरित जलवायु कोषमा सोझै पहुँच पाउने नेपालको पहिलो निकाय बन्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भन्नुभयो "यो सम्झौताले न्यून कार्वन र जलवायु परिवर्तन समानुकुलनका कार्यक्रम तथा परियोजनाहरुमा लगानी जुटाउन थप अवसर प्रदान गरेको छ ।"

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले देशमा नवीकरणीय ऊर्जा प्रविधिहरु र ऊर्जा दक्षताको प्रवर्द्धन गर्दै जलवायू परिवर्तनको अनुकुलन र न्युनिकरणमा योगदान पुचाउदै आएको छ । भौगोलिक विविधता युक्त नेपाल जलवायु परिवर्तनको हिसावले अत्याधिक जोखिमयूक्त मुलुक मानिन्छ । जलवायु परिवर्तनका यस्ता जोखिम कम गर्न यस्ता सहकार्य महत्वपुर्ण हुने विश्वास केन्द्रले लिएको छ ।

(थप जानकारिको लागी: नबराज ढकाल, निर्देशक, बै उ प्र के, इमेल:nawa.dhakal@aepc.gov.np संम्पर्क:९८५१००९२०४)